ネパール語（NP）

सङ्कटकालमा अपनाइने उपायहरूको म्याद थप गरिएको सम्बन्धमा

रेइवा 3 साल मे 28 तारिख (शुक्रबार) घोषित

आज राष्ट्रिय सरकारको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण टास्क फोर्सले सङ्कटकालमा अपनाइने उपायहरूको म्याद थप गरेकोले फुकुओका प्रान्तमा प्रान्तको नयाँ कोरोना भाइरस सङ्क्रामक रोग रोकथाम तथा नियन्त्रण टास्क फोर्स गठन गरी फुकुओका प्रान्तमा पनि सङ्कटकालमा अपनाइने उपायहरूको म्याद थप गर्ने कुरा तथा अपनाइने उपायहरूको विवरण निर्णय गरियो।

म्याद थप गरेपछि सङ्कटकाल लगाइने अवधि जून 20 तारिख (आइतबार) सम्म हुनेछ। त्यस अवधिमा अपनाइने उपायहरूको विवरणको सन्दर्भमा हालसम्मको उपायहरूलाई निरन्तरता दिइनेछ।


**【प्रान्तवासी महानुभावहरूलाई आग्रह】**



○घरबाहिर ननिस्किन संयमित हुनुहोस् र विशेषगरि बेलुका 8 बजेपछि यसलाई कडाइका साथ पालना गर्नुहोस्।

नयाँ पोजेटिभ सङ्क्रमितहरूको सङ्ख्या निरन्तर घट्दै आएको छ तर सजिलै सर्ने उच्च जोखिम भएको नयाँ प्रजातिको भाइरस हिजोआज सङ्क्रमण भइरहेका भाइरसमध्ये करिब 90% पुगेको कारण प्रारम्भिक स्थितिमा रिबाउण्ड हुने सम्भावनाको चिन्ता गरिएको छ। घरबाहिर निस्किन लाग्दा एकछिन रोकी राम्ररी विचार गर्नुहोस् र होसियार हुँदै जिम्मेवार व्यवहार गर्नुहुन अनुरोध गर्छौं।

**【रेस्टुरेन्टलाई आग्रह तथा आग्रह स्विकारेका रेस्टुरेन्टहरूलाई प्रदान गरिने सहयोग रकम】**



| रेस्टुरेन्टलाई सहयोग रकम | |
|---|---|
| साना तथा मझौला उद्योग | बिक्री रकमअनुसार प्रतिदिन 40 हजार～1 लाख येन |
| ठूलठूला कम्पनी | बिक्री रकममा भएको ह्रास रकमअनुसार प्रतिदिन अधिकतम 2 लाख येन |
| पसल बहाल सहायता रकम | पसल भवनको मासिक बहाल × 2/3 (अधिकतम सीमा 2 लाख येन) |

○बहिरा खानपिन गर्दा हुने सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न आग्रह नस्विकार्ने रेस्टुरेन्टलाई हालै निर्देशन दिने गर्दै छौँ।

आग्रह नस्विकार्ने रेस्टुरेन्टलाई विशेष व्यवस्था ऐनबमोजिम "आज्ञा" दिने कदम चाल्नेबारे पनि सोचिरहेका छौँ। सम्बन्धित महानुभावहरूको सहयोगको लागि अनुरोध गर्दछौँ।

**【कार्यस्थलमा जाने आदि】**

○ उद्यमी महानुभावहरूलाई कार्यस्थलमा आउने कामदारको सङ्ख्या 70% घटाउने लक्ष्य राखी घरबाट अफिसको काम गर्ने (टेलिवर्कको) बन्दोबस्त मिलाउने र छुट्टी लिन बढावा दिने आदि गर्नुहुन अनुरोध गर्छौं।

अफिसमा आउनुपर्ने अवस्था भए पनि कामदारहरू अफिसमा आउने समय फरक-फरक बनाउने वा साइकलबाट कार्यस्थलमा आउनेजस्ता मानिसहरूसँगको सम्पर्क कम गर्ने प्रयासलाई अगाडि बढाउनुहोस्।

उद्यम सुचारु गर्न अत्यावश्यकबाहेक बेलुका 8 बजेभन्दा पछिको कार्यलाई नियन्त्रण गर्नुहोस्।


हिजोआज व्यावसायिक केन्द्रमा पनि क्लस्टर फेला परेको छ। लन्च खाने समयमा आराम गर्ने कोठा, लुगा फेर्ने कोठा र चुरोट पिउने कोठा आदिमा बस्ने ठाउँ सर्ने बेलामा सङ्क्रमणको जोखिम उच्च हुन्छ। यी ठाउँहरूमा सङ्क्रमण नियन्त्रण उपायहरू विस्तृत रूपले अपनाउन अनुरोध गर्दछौँ।

## 【सङ्क्रमण स्थिति】

○यस हप्ताको नयाँ सङ्क्रमितहरूको सङ्ख्यालाई अघिल्लो हप्ताको एउटै बारको सङ्ख्यासँग तुलना गर्दा गएका 13 दिन लगातार घटिरहेको पाइन्छ तर हरेक दिनको सङ्ख्या हेर्ने हो भने 200 जनाको आसपासजतिको उच्च स्तरमा रहिरहेको देखिन्छ।


साथै मे 27 तारिखमा बेड प्रयोग दर 67.9% र सिकिस्त बिरामीको लागि बेडको बेड प्रयोग दर 47.6% भएको छ।

## 【सङ्कटकाल हटाउने मापक】




○सङ्कटकाल हटाइनेबित्तिकै "अब केही उपायहरू अपनाउनुपर्दैन" भन्न मिल्दैन बरु सङ्क्रमण फैलावट नियन्त्रणमा आएको कुरा स्पष्ट नहोउन्जेल सङ्क्रमणको पुनःफैलावट रोक्नको लागि निश्चित अवधिसम्म नियन्त्रणका उपायहरूलाई जारी राखी चरणबद्ध रूपमा शिथिल बनाउँदै जानुपर्छ भनेर विचार गर्दै छौँ।

**【स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरूको लागि सहायता】**



○अहिले स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरूको सङ्ख्या 2,700 जनाभन्दा धेरै भएको छ। ती सङ्क्रमितहरूलाई दैनिक जीवन तथा चिकित्सासम्बन्धी सहायता गरिनेछ।

प्रथमतः दैनिक जीवन सहायताको लागि निजी व्यवसायमार्फत जून 1 तारिखदेखि खाना आदिको निःशुल्क वितरण सुरु गरिनेछ। स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरूमध्ये खानेकुरा आफै सुनिश्चित गर्न गाह्रो हुने व्यक्तिको लागि दैनिक खानाको परिपूर्ति गर्ने उद्देश्यले रिटोर्ट पाउच गरिएको खानेकुरा र क्यान फुड, सुप, स्यानिटाइजरजस्ता सामानहरूको सेट बनाएर पठाइनेछ।

**स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरूको लागि चिकित्सा सेवा सहायता**

● सुविधामा प्रवेश गर्न नर्स आदिद्वारा सल्लाह दिने
(स्वास्थ्यलाभको लागि आवास सुविधाको मर्म आदिबारे जानकारी दिने)

● बिदाको दिन तथा रातको समयमा समर्पित परामर्श डायल सुरु हुने

○चिकित्सा सहायताको हकमा स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरूमध्ये अन्तर्निहित रोग भएकाहरू आदि चिकित्सा सेवा प्रदान गर्न उच्च प्राथमिकता दिनुपर्ने व्यक्ति वा विशिष्ट कारणविना सुविधामा बसेर स्वास्थ्यलाभको लागि आराम गर्न मन्जुर नगर्ने व्यक्तिलाई सुविधामा बसेर स्वास्थ्यलाभको लागि आराम गर्ने व्यवस्थासम्बन्धी परामर्श टिमका नर्स वा सार्वजनिक स्वास्थ्य नर्सले सुविधामा बसेर स्वास्थ्यलाभको लागि आराम

गर्नुको फाइदाबारे आदरपूर्वक बुझाई सुविधामा प्रवेश गर्न प्रोत्साहन दिनेछन्। यो प्रबन्ध पनि जून 1 तारिखदेखि सुरु गर्ने योजना मिलाइएको छ।

साथै स्वास्थ्यलाभको लागि घरमा आराम गर्ने सङ्क्रमितहरू स्वास्थ्य केन्द्रले सेवा प्रदान गर्न नसक्ने रात र सार्वजनिक बिदाको दिनमा ज्वरो र थकान महसुस गर्नेजस्ता लक्षण देखिएको खण्डमा देखाउन सक्ने वा परामर्श लिन सक्ने स्थानीय क्लिनिक तथा स्वास्थ्य संस्थाको जानकारी दिने समर्पित डायल सेवा सुरु गरिनेछ। उक्त चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको जानकारी सङ्कलन गरिसकेपछि सकेसम्म चाँडै हटलाइन सुरु गर्न चाहन्छौँ।

सङ्कटकालमा अपनाइने उपायहरू राम्ररी कार्यान्वयन गरी रिबाउण्ड हुन नदिईकन सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्न प्रयास गर्दै जानेछौँ। प्रान्तवासी तथा उद्यमी महानुभावहरूमा पर्न जाने कठिनाइ तथा असुविधाको लागि क्षमाप्रार्थी छौँ र समझदारी तथा सहयोगको लागि विनम्र अनुरोध गर्दछौँ।